**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २६ फरवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- भारत र इजरायलले सांस्कृतिक, भू-भौतिकीय अन्वेषण, मत्स्य पालन र जलीय कृषि, यूपीआई र आर्टिफिसियल इन्टेलिजेन्स आधारित शिक्षा लगायत धेरै क्षेत्रहरूमा समझौता ज्ञापनहरू आदान-प्रदान गरेको छ।
- केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णवले यस वर्ष ५२ हप्तामा ५२ वटा सुधारहरू गर्ने भारतीय रेलवेको संकल्पको एक भागको रूपमा दुई थप सुधारहरूको घोषणा गर्नुभएको छ I
- पश्चिम बङ्गालमा आज कतिपय डाकघरहरु र कोलकाता स्थित पासपोर्ट सेवा केन्द्रहरु इमेल मार्फत बमले उडाउने धम्की प्राप्त भए पछि प्रशासनले कठोर जाच शुरु गरेको छ I पश्चिम बंगालमा आसन्न विधानसभा चुनावको तयारीको समीक्षा गर्न केन्द्रीय निर्वाचन आयोगको भ्रमण तत्कालका लागि स्थगित गरिएको छ।
- दार्जिलिङ पुलबजार खण्ड अधिनस्त लोवर नेजीमा हिल ओपन भलीबल प्रतियोगिता शुरु भएको छ।

**भारत - इजरायल -सम्झौता ज्ञापन**

भारत र इजरायलले सांस्कृतिक आदानप्रदान, भूभौतिकीय अन्वेषण, मत्स्य पालन र जलीय कृषि, यूपीआई र आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगद्वारा शिक्षाको प्रवर्द्धन सहित धेरै क्षेत्रहरूमा समझौता ज्ञापनहरू आदान-प्रदान गरेको छ। प्रधानमन्त्री नरेन्द्र मोदी र इजरायलक प्रधानमन्त्री बेन्जामिन नेतन्याहूबीच प्रतिनिधिमण्डल स्तरको वार्तापछि यी सम्झौताहरूमा हस्ताक्षर गरिएको थियो। एक पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुँदै श्री मोदीले भन्नुभयो, भारत-इजरायल सम्बन्ध गहिरो विश्वास, साझा लोकतान्त्रिक मूल्यहरू र गहिरो मानवीय संवेदनशीलताको बलियो जगमा आधारित छ। उहाले अझ भन्नुभयो - यो बन्धन समयको परीक्षामा उभिएको छ। प्रधान मन्त्री श्री मोदीले भन्नुभयो, आज दुवै पक्षहरूले यस दीर्घकालीन साझेदारीलाई विशेष रणनीतिक साझेदारीको दर्जामा स्तरोन्नति गर्न ऐतिहासिक निर्णय गरेका छन्। नौ वर्षअघि इजरायलको भ्रमण गर्ने पहिलो भारतीय प्रधानमन्त्री बन्ने सौभाग्य पाएको उहा ले बताउनु भयो । श्री मोदीले इजरायलको ऐतिहासिक भूमिमा फेरि एक पटक पाइला राख्नु आफ्नो लागि गर्व र भावनाको क्षण भएको बताउनुभएको छ I उहाँले भन्नुभयो, आज दुवै पक्षले रणनीतिक र उदीयमान प्रविधि साझेदारी स्थापना गर्ने निर्णय गरेका छन्। प्रधानमन्त्री श्री मोदीले भन्नुभयो, यसले कृत्रिम बुद्धिमत्ता, क्वान्टम टेक्नोलोजी र महत्वपूर्ण खनिज जस्ता क्षेत्रहरूमा सहयोगलाई नयाँ गति दिनेछ। उहाले इजरायलमा युपीआई प्रयोगका लागि सहमति भएको जानकारी दिनुभयो । श्री नेतन्याहूले भन्नुभयो, इजरायल र भारत नवप्रवर्तनका लागि प्रतिबद्ध छन्। उहाले दुवै देश गौरवशाली प्राचीन सभ्यता भएको र आफ्नो अतीतप्रति गर्व गर्ने तर भविष्यलाई आफ्नो हातमा लिन पूर्ण प्रतिबद्ध रहेको बताउनु भयो ।

**केन्द्रीय रेल मन्त्री-सुधार**

केन्द्रीय रेल मन्त्रीअश्विनी वैष्णवले यस वर्ष ५२ हप्तामा ५२ वटा सुधारहरू गर्ने भारतीय रेलवेको संकल्पको एक भागको रूपमा दुई थप सुधारहरूको घोषणा गर्नुभएको छ I राष्ट्रिय राजधानी नया दिल्लीमा एक पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुदै केन्द्रीय रेल मंत्री श्री अश्विनी वैष्णवले तेस्रो सुधार, रेल टेक नीति अनावरण गर्नुभयो , जसको उद्देश्य रेलवेमा ठूलो मात्रामा तकनिकीको प्रयोगलाई बढावा दिनु हो। उहाँले भन्नुभयो, भारतीय रेलवेको उद्देश्य रेलवेमा नवीनतालाई बढावा दिन नवप्रवर्तनकर्ताहरू, स्टार्टअपहरू, उद्योग र संस्थानहरूलाई संलग्न गर्नु हो।

**निर्वाचन आयोग - अधिसूचना जारी**

निर्वाचन आयोगले १० राज्यहरुका ३७ सिटहरुका लागि चुनाउको अधिसूचना जारी गरेको छ। आजदेखि ५ मार्चसम्म नामांकन पत्र भर्न सकिने छ। अर्को महिनाको १६ तारिख मतदान हुँनेछ। यस चरणमा महाराष्ट्रका सात, तमिलनाडुका छ, बिहार

र पश्चिम बंगालका पाँच–पाँच, उडिसाका चार, आसामका तीन, तेलङ्गाना, छत्तीसगढ र हरियाणाका दुई–दुई तथा हिमाञ्चलका एक स्थानमा मतदान हुँनेछ ।

**पश्चिम बंगाल - डाकघर -पासपोर्ट सेवा केंद्र - ई-मेल - बम -धम्की**

पश्चिम बङ्गालमा आज कतिपय डाकघरहरु र कोलकाता स्थित पासपोर्ट सेवा केन्द्रहरु इमेल मार्फत बमले उडाउने धम्की प्राप्त भए पछि आतंक मच्चिएका थिए 1 धम्की प्राप्त हुनासाथ परिसरलाई तुरुन्त खाली गराइएको थियो र व्यापक खोजी अभियान सुरु गरिएको थियो। उत्तर बंगालका १९ पासपोर्ट सेवा केन्द्र र डाक कार्यालयमा बम विस्फोटको धम्की आएको छ । पुलिस अधिकारी अनुसार बम निरोधक दस्ता र डॉग स्क्वॉडको सहयोगमा कोलकाताको पासपोर्ट सेवा केन्द्रमा गहन तलासी भइरहेको छ । सावधानीका लागि पूरै भवनलाई खाली गराइएको छ ।त्यस्तै, पासपोर्ट सेवा सञ्चालन हुने महात्मा गान्धी रोडमा रहेको डाक कार्यालयमा पनि धम्कीपूर्ण इमेल आएको छ । इमेलमा दाबी गरिएको थियो कि, भवनमा बम राखिएको छ । त्यसपछि हावडा पुलिसको ठूलो टोली घटनास्थलमा पुग्यो र पूरै इलाकालाई घेराबन्दी गरी सील गर्यो । कर्मचारी र सर्वसाधारणलाई तत्काल बाहिर निकालिएको छ । बम निरोधक दस्ता र डॉग स्क्वॉडले परिसरको गहन जाच सुरु गरेको छ I आज यस्तै ई मेल दार्जीलिङ डाक घरको प्रमुखलाई पनि प्राप्त भएपछि दार्जीलिङ डाक घरका कर्मचारीहरूमाझ पनि आतंक फैलियो। डाक घरका उच्च अधिकारीले पुलिसलाई खबर गरेपछि तुरून्तै दार्जीलिङ DIB को टिम पुगेर जाँच गर्ने काम गरियो तर कुनै त्यस्ता संदिग्ध बस्तु नभेटाए पछि डाक घरका कर्मचारीहरूलाई भयमुक्त भई सुचारू रूपमा काम गर्ने DIB टोलीले बताए पछि पासपोर्टको काम सधैं झैं सुचारु भएको डाक घर सुत्र मार्फत थाहा लागेको छ।

**पश्चिम -केंद्रीय चुनाव आयोग -भ्रमण स्थगित**

पश्चिम बंगालमा आसन्न विधानसभा चुनावको तयारीको समीक्षा गर्न केन्द्रीय निर्वाचन आयोगको भ्रमण तत्कालका लागि स्थगित गरिएको छ। उप निर्वाचन आयुक्त ज्ञानेश भारतीको नेतृत्वमा निर्वाचन आयोगको एक उच्चस्तरीय प्रतिनिधिमण्डल १मार्च मा राज्य आउने कार्यक्रम थियो, जुन अहिले स्थगित गरिएको छ। आयोगले २ मार्च मा राज्य पुलिस र प्रशासनिक अधिकारीहरूसँग बैठक गर्ने प्रस्ताव गरेको थियो। बैठकमा जिल्ला मजिस्ट्रेट, पुलिस अधीक्षक, विभिन्न निकायका प्रतिनिधिहरुका साथै मुख्य सचिवस्तरका अधिकारीको उपस्थिति रहने बताइएको थियो । प्रतिनिधिमण्डलमा आयोगकी डीजी (आईटी) सीमा खन्ना पनि सामेल हुने जानकारी थियो । राज्यको सत्तारूढ तृणमूल कांग्रेसले मतदाता सुचीमा 'तार्किक विसंगति' रहेको आरोप लगाउँदै सीमा खन्नालाई धेरै पटक प्रश्न गरेको छ। सुत्र अनुसार बङ्गाल सरकारको आग्रहमा आयोगले आफ्नो कार्यक्रम स्थगित गरेको छ । बैठकको संशोधित मिति र नयाँ रूपरेखा आजसम्म अन्तिम निर्णय हुन सकेको थिएन । राज्यको अन्तिम मतदाता सूची २८ फरवरी मा प्रकाशित हुनेछ। त्यसपछि मात्र आयोगले राज्यको चुनावी तयारीको समीक्षा गर्न चाहेको थियो। राज्यको सबै परिस्थितिलाई मध्यनजर गर्दै राज्य सरकारको आग्रहमा चुनाउ आयोगले आफ्नो भ्रमण तत्कालका लागि स्थगित गरेको छ । अब नयाँ तिथिको औपचारिक घोषणा हुन बाँकी छ ।

**पश्चिम बंगाल -पुलिस महानिदेशक (डीजीपी) स्थायी नियुक्ति**

राज्यमा आगामी विधानसभा चुनाव अघि राज्यमा पुलिस विभागको शीर्ष पदहरूमा पुलिस महानिर्देशक डी.जी.पी. को स्थायी नियुक्तिको प्रक्रिया तीव्र पारिएको छ। संघ लोक सेवा आयोग यू.पी.एस.सी ले पश्चिम बंगाल सरकारबाट भारतीय पुलिस सेवा आई.पी.एस का वरिष्ठ अधिकारीहरूको नाम मागेको छ, जसमध्ये एक जना राज्यको नयाँ स्थायी डीजीपीको रूपमा नियुक्त हुनेछन्। सन् १९९३ ब्याचका आईपीएस अधिकारी पीयूष पाण्डेले कार्यवाहक डीजीपीको जिम्मेवारी सम्हालिरहेका छन् । राज्यका अन्तिम स्थायी डीजीपी मनोज मालवीय थिए, जो २०२३ मा सेवानिवृत्त भएका थिए। त्यसयता यो पद स्थायी रूपमा रिक्त छ । सुत्र अनुसार यूपीएससीबाट पत्र प्राप्त भएपछि सम्बन्धित विभागले राज्य सचिवालय नवन्नामा सम्भावित नामहरूको प्रक्रिया सुरु गरेको छ। वरिष्ठताका आधारमा सन् १९९१ ब्याचका आईपीएस अधिकारी अनुज शर्माको नाम अग्रपंक्तिमा रहेको मानिन्छ । हाल उहा पश्चिम बंगाल फायर एन्ड इमर्जेन्सी सर्भिसेज डिपार्टमेन्टका महानिर्देशक छन् ।कार्यवाहक डीजीपी पीयूष पाण्डे बाहेक होमगार्डका महानिर्देशक नटराजन रमेश बाबु, राज्य सुधार सेवाका महानिर्देशक सिद्धनाथ गुप्ता र नागरिक सुरक्षाका महानिर्देशक सञ्जय सिंहको

नाम पनि सम्भावित सूचीमा समावेश हुने सम्भावना छ। ३१ जनवरीमा तत्कालीन कार्यवाहक डीजीपी राजीव कुमारले अवकाश लिएपछि राज्य सरकारले पीयूष पाण्डेलाई कार्यवाहक डीजीपी नियुक्त गरेको थियो।

**सिलीगुड़ी - आदिवासी महिला - 'उत्तरकन्या अभियान'**

सिलीगुडी नजिकैको फूलबारी क्षेत्रमा एक आदिवासी महिलामाथि भएको कथित अत्याचारको विरोधमा निकालिएको 'उत्तरकन्या अभियान' को क्रममा स्थिति तनावपूर्ण बन्यो। प्रदर्शनकारी र पुलिस बीच झडप भएपछि उक्त क्षेत्रमा लाठी, पानीको फोहोरा र अश्रुग्यास प्रयोग गरिएको थियो।गत २३दिसम्बरमा , एक आदिवासी परिवारको पुर्ख्यौली जमिन अवैध रूपमा कब्जा गर्ने र स्थानान्तरण गर्ने प्रयासको विरोध गरेकोमा सात महिनाकी गर्भवती महिलामाथि आक्रमण गरिएको थियो। आन्दोलनकारीहरूले आरोप लगाएका छन् कि ती महिला ८ जनवरी मा गम्भीर चोटका कारण समय भन्दा पहिले सुत्केरी भएकी थिइन् र जन्मिएको तीन दिनपछि उनको मृत्यु भएको थियो।यस घटनाको विरोधमा, विभिन्न आदिवासी सङ्गठनहरूले प्रशासनिक मुख्यालय उत्तरकन्यासम्म मार्चको आह्वान गरेका थिए। भारतीय जनता पार्टीले प्रशासनले लापरबाही गरेको आरोप लगाएको छ।डाबग्राम-फुलबारीबाट भाजपा विधायक शिखा चटर्जीले शान्तिपूर्ण आन्दोलन जबरजस्ती रोकिएको र लाठीचार्जले स्थिति बिग्रिएको बताउनु भएको छ। उहाले पीडित परिवारलाई क्षतिपूर्ति, पुनःस्थापना र दोषीलाई कठोर कारवाही गर्ने मांग गर्नुभएको छ। अहिले घटनास्थलमा ठूलो संख्यामा पुलिस परिचालन गरिएको र स्थिति नियन्त्रणमा रहेको बताइएको छ।

**आसनसोल - मतदाता कार्ड उद्धार**

आज बिहान पश्चिम बङ्गालको आसनसोल स्थित रानीगञ्ज थाना क्षेत्रमा फोहोरको थुप्रोबाट सयौं नयाँ र पुराना मतदाता कार्डहरु फेला परेका छन्। जब स्थानीयहरूले यी परिचयपत्रहरू देखे, उनीहरूले तुरुन्तै रानीगञ्ज पुलिस स्टेशनलाई खबर गरे। सूचना पाउनेबित्तिकै पुलिस घटनास्थलमा पुग्यो र फोहोरको थुप्रोमा रहेका सबै मतदाता कार्डलाई जफत गरी थाना लगेको रिपोर्ट प्राप्त भएको छ। यति ठूलो संख्यामा मतदाता कार्ड कसरी त्यहाँ पुग्यो र कसले फ्याँक्यो भन्ने कुरा खुलेको छैन। स्थानीय मानिसहरुले घटनाको निष्पक्ष छानबिनको माग गर्दै यसमा कुनै प्रकारको लापरबाही वा षड्यन्त्र हुन सक्ने आशंका गरेका छन्। पुलिस घटनाको जाचमा जुटेका छन्।

**गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन-तीनधारे -शिलन्यास**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापाको बाहुलीबाट तीनधारेमा मिठाईडाँडा रेणुका कन्या उच्च माध्यमिक विद्यालयको नयाँ भवन र तीनधारेको गोलाई पाखामा सार्वजनिक भवन निर्माणको शिलान्यास गर्नुभएको छ तीनधारेको मिठाईडाँडा रेणुका कन्या उच्च माध्यमिक विद्यालय परिसरमा शिलान्यास कार्यक्रम सम्पन्न भयो।यी दुवै भवनको निर्माण पश्चिम बंगाल ग्रामीण विकास, दार्जिलिङ कार्यकारी डिभिजनबाट निर्माण हुन भएको छ। यस शिलान्यास कार्यक्रममा विद्यालयका विद्यार्थीहरुले गीत, नृत्य प्रस्तुत गरेका थिए।

**दुधे -आगलागी**

खरसाङ महकुमा अन्तर्गत तराई क्षेत्रको दुधेमा आज बिहान लगभग ४ बजे एक भीषण आगलागी हुदा स्थानीय दुई वटा होटल पूर्ण रूपमा जलेर खरानी भएको छ। बिहानको मिर्मिरैमै सुरु भएको यस अग्निकाण्डले दुवै होटलका सम्पूर्ण सरसामानहरू स्वाह बनाएपछि सम्बन्धित दुई परिवार अहिले पूर्ण रूपमा रोजगारीविहीन र बिचल्ली अवस्थामा पुगेका छन्। प्रशासन , अग्निशमन विभाग,स्थानीय बासिन्दाहरुले घण्टौँ सम्म कठोर मेहेनत गरेर आगोलाई नियन्त्रणमा ल्याउने कोशिस गरिए पनि होटलभित्र रहेका कुनै पनि सामग्रीहरु जोगाउन नसकिएको पिडित परिवारले बताएका छन्। दुधेमा बिगत केहि समय देखि हुदै आएको आगलागीको घटनालाई ध्यानमा राखेर स्थानीय नागरिकहरुले दुधे मा दमकल केन्द्रको स्थापना गर्ने मांग उठाएका छन्।

**सिलीगुड़ी - दार्जिलिंग वाइल्डलाइफ डिवीजन -जफत**

सिलगुडी शहरसँग जोडिएको क्षेत्रमा वन विभागले ठूलो सफलता हासिल गरेको छ । दार्जीलिङ वन्यजन्तु विभागको सुकना रेन्जको टोलीले प्रधाननगर थाना अन्तर्गत सालबारी क्षेत्रमा लगभग छ लाख रुपियाँ बराबरको सगुनको काठ र फर्निचर जफत गरेको छ । यस मामिलामा दुई जनालाई हिरासतमा लिइएको छ र सोधपुछ भइरहेको छ। वन विभाग सुत्र अनुसार सालबारीका केही घरमा अवैध रूपमा दाउरा संकलन गरेर फर्निचर तयार भइरहेको सूचना सुकना रेन्ज अधिकारी दीपक रसाइलीलाई प्राप्त भए पछि सूचनाका आधारमा टोलीले हिज राति छापा मारेका थिए । जफत गरिएको काठ र फर्निचर वन विभागले नियन्त्रणमा लिएको छ । वन ऐनको सम्बन्धित धाराहरू अन्तर्गत मुद्दा दर्ता गरिएको छ र जाच शुरु गरिएको छ।

**सिक्किम -भूकम्प झट्का**

आज सिलिगुडी सहित उत्तर बंगालका कैयौँ क्षेत्रमा फेरि भूकम्पको झट्का महसुस गरिएको छ, सिलिगुडी, जलपाइगुडी र दार्जिलिङका विभिन्न क्षेत्रमा मानिसहरुले भूकम्पको झट्का महशुस गरे । भूकम्पको प्रभाव कोलकातामा समेत महसुस गरिएको थियो, जसका कारण मानिसहरुमा त्रसित वातावरण बनेको थियो ।मौसम बिभाग अनुसार उक्त भूकम्पको तीव्रता ४.६ दर्ता गरिएको छ । भूकम्पको केन्द्रविन्दु पश्चिम सिक्किमको गेजिङ जिल्लामा जमिनदेखि लगभग 10 किलोमिटर मुनि रहेको र बिहान ११ बजेर ३४ मिनेटमा भूकम्पको झट्का महसुस गरिएको थियो ।पर्यटकीय मौसमका कारण दार्जिलिङ र सिक्किमको पहाडी क्षेत्रमा पर्यटकको उपस्थिति रहेको छ । एक्कासी भूकम्प आएपछि सावधानीका लागि धैरै मानिस होटलबाट बाहिर निस्किए ।अहिलेसम्म ठूलो क्षतिको विवरण प्राप्त भएको छैन । प्रशासन र मौसम विभागले घटनाको निगरानी गरिरहेको छ । उत्तर बंगालका जनतालाई सतर्क रहन सल्लाह दिइएको छ ।

**बिजनबारी -भलिबल प्रतियोगिता**

स्थानीय प्रतिभाहरुलाई मंच प्रदान गर्दै उत्कृस्ट खेलाडीहरु जन्माउने प्रमुख उदेश्यको साथमा दार्जिलिङ पुलबजार खण्ड अधिनस्त गोक दुई ग्रामको लोवर नेजीमा हिल ओपन भलीबल प्रतियोगिता शुरु भएको छ। स्थानीय लोवर नेजी युथ क्लबद्वारा आज देखी शुरु भएको प्रतियोगितामा वरिपरिका विभिन्न दलहरूको साथमा छिमेकी राज्य सिक्किमका दलहरुले भाग लिइरहेका छन् । स्मरण गराइन्छ , नेजी युथ क्लब गत साल दिवाङगत सभासद् भुपेन्द्र छेत्रीको मार्गनिर्देशनमा खोलिएको क्लब हो भने यसपटकको प्रतियोगिता स्वर्गीय छेत्रीप्रती समर्पण गरिने आयोजक समितिले बताएको छ।

**********